जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

सूचना

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ४ | अंक : ९ | २०८३ साल बैशाख ११ गते, शुक्रबार | Friday, Arp.– 24 2026 | मूल्य रु. ५/- | पृष्ठ : ४

## आवास योजनामा व्यापक अनियमितता, महागढीमाइ सुवर्ण सहित देवतालमा घर अलपत्रले करोडौँ हिनामिना भएको आरोप अख्तियारको छानबिन जारी





***संवाहक सम्वादाता**-१० बैशाख, कलैया*

बाराको महागढीमाई, सुवर्ण गाँपालिका सहित देवताल क्षेत्रमा सञ्चालित निधि आवास, मदन भण्डारी आवास तथा जनता आवास योजनामा व्यापक अनियमितता र करोडौँ रुपैयाँ हिनामिना भएको आरोप लागेको छ। पूर्वाधार विकास कार्यालयमार्फत सञ्चालन भएको उक्त योजनामा आवास निर्माणका नाममा ठूलो मात्रामा बजेट दुरुपयोग भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन अघि बढाएको छ।

स्थानीय स्रोतका अनुसार योजना कार्यान्वयनमा तत्कालीन कार्यालय प्रमुख ओमकुमार साह बहालवाला कार्ययबप्रमुख राजेन्द्र साह सहित अन्य कर्मचारीहरूको समेत संलग्नता रहेको आशंका गरिएको छ।। विपन्न, दलित तथा आर्थिक रूपमा कमजोर परिवारका लागि लक्षित घर निर्माणमा अनियमितता गरी रकम दुरुपयोग गरिएको आरोप उठेको हो।

यसअघि रकम हिनामिना भएको गुनासो पछि तत्कालीन प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीको निर्देशनमा सम्बन्धित बैंक खाताहरू रोक्का गरिएको थियो। तर, पछि प्रजिअको सरुवा भएपछि कागजी मिलान गरि मिलेमतोमा रोक्का रहेको रकम एकैपटक निकालिएको र त्यसपछि अनियमितता झनै बढेको आरोप स्थानीयले लगाएका छन्।

हालका कार्यालय प्रमुख राजेन्द्र साहको कार्यकालमा समेत योजना कार्यान्वयन र खर्च प्रक्रियामा प्रश्न उठेको छ। करिब १४ करोड रुपैयाँ बराबरको रकम आवास योजनाको

बाँकी तेस्रो पृष्ठमा

## रौतहट सीमामा संगठित तस्करीको जालो उजागर, पिकअप र मोटरसाइकलसहित ठूलो परिमाणमा सामान बरामद



***संवाहक सम्वादाता**-१० बैशाख, कलैया*

रौतहटको सीमाक्षेत्रमा लामो समयदेखि सक्रिय रहेको संगठित तस्करी सञ्जालको गतिविधि पुनः उजागर भएको छ। प्रहरीले कडाइका साथ निगरानी बढाएसँगै भन्सार छलेर भित्र्याईंदै गरेको ठूलो परिमाणको सामानसहित पिकअप जिप र मोटरसाइकल नियन्त्रणमा लिएको छ।

जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार मौलापुर नगरपालिका-३ मा जाँचका क्रममा ज१च १३४३ नम्बरको पिकअप जिपबाट करिब २ हजार ९ सय किलो तोरी र ३ सय ५० किलो सरसों बरामद गरिएको हो। सो क्रममा सर्लाही लालबन्दी-७ का चालक पवन साहलाई नियन्त्रणमा लिइएको छ। त्यसैगरी परोहा नगरपालिका-७ स्थित चोकमा गरिएको विशेष निगरानीका क्रममा बीआर०५एल ४५६० नम्बरको भारतीय मोटरसाइकलमा डिजल अवैध रूपमा ओसारपसार भइरहेको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार यी घटनाहरू सामान्य नभई सीमावर्ती क्षेत्रमा सक्रिय संगठित तस्करी सञ्जालको हिस्सा भएको प्रारम्भिक अनुमान गरिएको छ। कृषिजन्य वस्तु, खाद्यान्न र इन्धनलाई लक्षित गरी समूहगत रूपमा हुने यस्तो

बाँकी तेस्रो पृष्ठमा

## सरकारी विज्ञापन नीति सच्याउन पत्रकार महासंघ बाराको ज्ञापन







*बारा/ पर्सा/ रौतहट,वैशाख १०*

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तीनै तहका सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यमलाई मात्र उपलब्ध गराउने निर्णयप्रति असन्तुष्टि जनाउँदै नेपाल पत्रकार महासंघ बारा शाखाले प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ। महासंघका अध्यक्ष रमेश सुबेदीको नेतृत्वमा गएको टोलीले प्रमुख जिल्ला अधिकारीमार्फत ज्ञापनपत्र बुझाएको हो।

महासंघले उक्त निर्णयलाई विभेदकारी भन्दै निजी तथा सामुदायिक सञ्चारमाध्यमलाई विज्ञापनबाट वञ्चित गर्नु प्रेस स्वतन्त्रतामा प्रत्यक्ष असर पार्ने कदम भएको जनाएको छ। यसले मोफसलका साना तथा मध्यम

बाँकी तेस्रो पृष्ठमा

## इज्तिमा भेलालाई लक्षित गर्दै बारा–पर्सामा "हाइ अलर्ट", सुरक्षा कडाइ



***संवाहक सम्वादाता**-१० बैशाख, कलैया*

बाराको जितपुर-सिमरा उपमहानगरपालिका-२४ हरपुरमा आयोजना हुन लागेको बृहत् धार्मिक भेला 'इज्तिमा' लाई लक्षित गर्दै बारा र पर्सा जिल्लामा सुरक्षा व्यवस्था कडा पारिएको छ। आगामी वैशाख ११ देखि १४ गतेसम्म सञ्चालन हुने उक्त कार्यक्रममा ठूलो संख्यामा श्रद्धालु सहभागी हुने अनुमानसँगै प्रशासनले सुरक्षा संयन्त्रलाई 'हाइ अलर्ट' मा राखेको हो।

बाराका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्राले कार्यक्रमस्थलको स्थलगत निरीक्षण गर्दै सुरक्षा तयारीबारे जानकारी लिएका छन्। उनका अनुसार आयोजकले नेपाल र भारतबाहेक तेस्रो मुलुकका नागरिक सहभागी नहुने प्रतिबद्धता जनाएको छ। साथै गृह तथा परराष्ट्र मन्त्रालयबाट पनि विदेशी सहभागिताबारे कुनै आधिकारिक सूचना प्राप्त नभएको उनले बताए।

प्रशासनका अनुसार कार्यक्रममा अन्तिम दिनसम्म करिब १५ देखि २० हजार श्रद्धालु सहभागी हुने अनुमान गरिएको छ। सम्भावित संवेदनशील अवस्थालाई ध्यानमा राख्दै सुरक्षा निकायलाई विशेष सतर्क रहन निर्देशन दिइएको छ।

यसैबीच, पर्सा जिल्लामा पनि सीमा क्षेत्रमा सुरक्षा निगरानी बढाइएको छ। वीरगञ्ज महानगरपालिका-१६ स्थित भन्सार तथा अध्यागमन

बाँकी तेस्रो पृष्ठमा

## वीरगञ्ज भन्सारले अवैध भारतीय इभी मोटर साइकल नियन्त्रणमा लिन थाल्यो



***संवाहक सम्वादाता**-१० बैशाख, कलैया*

वीरगञ्ज भन्सार कार्यालयले जाँचमा कडाइ गरेसँगै अवैध रूपमा भित्र्याइएका भारतीय नम्बर प्लेटका इलेक्ट्रिक मोटरसाइकलहरू नियन्त्रणमा लिन थालेको छ। पछिल्लो चरणमा करिब २२ वटा इभी मोटरसाइकल नियन्त्रणमा लिइएको भन्सार स्रोतले जनाएको छ।

भन्सार कार्यालयमा खटिएको सशस्त्र प्रहरी बल नेपालका डिएसपी विकास अधिकारीका अनुसार आवश्यक कागजात तथा भन्सार प्रक्रिया पूरा नगरी नेपाल भित्र्याइएका सवारी साधनलाई नियन्त्रणमा लिइएको हो।

भन्सार स्रोतका अनुसार अवैध रूपमा भारतीय इभी मोटरसाइकल प्रयोग भइरहेको सूचना पाएपछि निगरानी र जाँच प्रक्रिया कडा बनाइएको हो। वीरगञ्जका विभिन्न साना नाकाबाट पनि यस्ता सवारी

बाँकी तेस्रो पृष्ठमा

## मेन रोड विस्तारपछि वीरगञ्जमा सटर संकट गहिरिँदै, चर्को भाडाले व्यवसायी दबाबमा



***संवाहक सम्वादाता**-१० बैशाख, कलैया*

वीरगञ्जमा मेन रोड विस्तारसँगै व्यापारिक क्षेत्रमा सटर अभावको समस्या तीव्र बनेको छ। सडक डिभिजन कार्यालय हेटौंडाले मुख्य सडकको दायाँ-बायाँ २५/२५ मिटरभित्रका संरचना हटाउन थालेपछि ठूलो संख्यामा व्यवसायी विस्थापित भएका छन्।

विस्थापित व्यवसायीहरू नयाँ सटर खोज्न बाध्य भएका छन् भने उपलब्ध सटरमा पनि अत्यधिक भाडा तिर्नुपर्ने अवस्था आएको छ। घरधनीहरूले परिस्थितिको फाइदा उठाउँदै मनपरी रूपमा भाडा बढाएको व्यवसायीहरूको गुनासो छ।

वीरगञ्ज महानगरपालिकाले भने बजारमा देखिएको असन्तुलन र अनियमित भाडा दर नियन्त्रण गर्न हस्तक्षेप गर्ने संकेत दिएको छ। मेयर राजेशमान सिंहले विकासका नाममा व्यवसायी विस्थापित हुनु स्वाभाविक

बाँकी तेस्रो पृष्ठमा

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"
- सेक्सपियर


प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९, ९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/ श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज


# सम्पादकीय ........

## तेलकुवामा क्रसर उद्योगको मनपरी : नियमन कहाँ हरायो?

बाराको तेलकुवा क्षेत्र आज प्राकृतिक स्रोत दोहन, राजस्व छली र वातावरणीय संकटको एउटा जीवित उदाहरण बनेको छ। यहाँ सञ्चालित क्रसर उद्योगहरू मापदण्डविपरीत सञ्चालन भइरहेका छन् भन्ने स्थानीयको गुनासो नयाँ होइन, तर सम्बन्धित निकायको मौनता भने अझ गम्भीर प्रश्नको विषय बनेको छ। डोरा नदी किनार केन्द्रित उत्खनन गतिविधिले नदीको स्वरूप मात्र बिगारेको छैन, आसपासका बस्ती र खेतीयोग्य जमिनमा समेत प्रत्यक्ष असर पुऱ्याएको छ। जथाभावी उत्खनन, भारी मेसिनको प्रयोग, धुलो र आवाज प्रदूषणले स्थानीयको दैनिक जीवन कष्टकर बनेको छ। यस्तो अवस्था दीर्घकालीन रूपमा मानव स्वास्थ्य र वातावरण दुवैका लागि घातक हुनसक्छ।

यस समस्याको सबैभन्दा संवेदनशील पक्ष भनेको राजस्व छली हो। बजारमा एक टिपर बालुवा वा गिट्टीको मूल्य २२-२४ हजार रुपैयाँसम्म पर्ने भए पनि उद्योगहरूले ७-८ हजार रुपैयाँमा मात्र बिल काट्ने गरेको आरोप अत्यन्त गम्भीर छ। यदि यो सत्य हो भने, यो केवल कर छलि मात्र होइन, राज्यप्रति खुला चुनौती हो। अझ उपभोक्तालाई धम्की दिने र पहुँचको धाक देखाउने प्रवृत्तिले कानुनी शासनप्रति अविश्वास बढाएको छ। प्रदूषणको असर पनि उत्तिकै चिन्ताजनक छ। धुलोका कारण बालीनालीमा रोग फैलिने, उत्पादन घट्ने र मानिस तथा पशु स्वास्थ्यमा नकारात्मक प्रभाव पर्ने संकेतहरू देखिन थालेका छन्। यसले कृषि र जनस्वास्थ्य दुवै क्षेत्रमा दीर्घकालीन संकट निम्त्याउन सक्छ। यति गम्भीर अवस्था हुँदाहुँदै पनि अनुगमन संयन्त्र प्रभावकारी देखिँदैन। जिल्ला समन्वय समिति, प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायको सहभागितामा समिति गठन भए पनि परिणाममुखी काम हुन नसक्नु स्वयंमा प्रश्न उठाउने विषय हो। नियमन कमजोर हुँदा अवैध उत्खनन र कारोबार झन् मौलाउनु स्वाभाविक नै हो।

तेलकुवा मात्र होइन, बधवन, महागढीमाईको सेमरा र तेगछियालगायत क्षेत्रमा पनि यस्तै समस्या देखिनु समग्र प्रणालीकै कमजोरीको संकेत हो। यदि समयमै नियन्त्रण गरिएन भने यसले नदी प्रणाली, जमिन संरक्षण र स्थानीय विकासमा गम्भीर दीर्घकालीन क्षति पुऱ्याउनेछ।

अब आवश्यक छ–तत्काल र कठोर कदम। अवैध क्रसर उद्योगहरूको छानबिन, मापदण्डअनुसार सञ्चालन सुनिश्चित गर्ने कडा अनुगमन, राजस्व छलीमा संलग्नमाथि कारबाही, र स्थानीय समुदायको संरक्षण–यी सबैलाई प्राथमिकतामा राख्नुपर्छ। अन्यथा, तेलकुवाको यो संकट भोलि देशका अन्य क्षेत्रका लागि पनि एउटा खतरनाक नजिर बन्न सक्छ।

# मधेश समृद्धिको आधार कृषि

मधेशलाई आर्थिक रूपमा सक्षम, आत्मनिर्भर र विकसित बनाउने प्रमुख माध्यम कृषि नै हो। मधेशमा उर्वर जमिन, अनुकूल जलवायु र जनसङ्ख्याको ठुलो हिस्सा कृषिमा आश्रित भएकाले कृषिक्षेत्रको विकासले नै आर्थिक वृद्धि, रोजगारी सिर्जना, खाद्य सुरक्षा र जीवनस्तर सुधारमा महत्त्वपूर्ण भूमिका खेल्ने छ।



सन्दीपकुमार साह



आय, रोजगारी तथा जीवन निर्वाहको दृष्टिले कृषिक्षेत्र राष्ट्रिय अर्थतन्त्र र मधेश प्रदेशको आर्थिक मेरुदण्डका रूपमा रहेको छ। मधेश प्रदेशमा करिब ६५ प्रतिशत खेतीयोग्य जमिन छ। कुल खेतीयोग्य जमिनको करिब ७८ प्रतिशतमा खाद्यान्न, ११ प्रतिशतमा दलहन, चार प्रतिशतमा नगदेबाली र तीन प्रतिशतमा तेलबालीको खेती हुँदै आएको छ। देशको कुल उत्पादनमध्ये करिब २०.५२ प्रतिशत खाद्यान्न, २०.७ प्रतिशत फलफूल, २५.८८ प्रतिशत तरकारी मधेश प्रदेशमा उत्पादन गरिन्छ। मधेश प्रदेशको कुल गार्हस्थ उत्पादनमा कृषिक्षेत्रको योगदान ३५.१९ प्रतिशत छ।

मधेशको अधिकांश भूभाग खेतीयोग्य छन्। मधेशमा ६३.८ प्रतिशत परिवार कृषिमा आश्रित छन्। प्रदेशका बहुसङ्ख्यक कृषकले एक हेक्टरभन्दा कम जमिनमा खेती गरिरहेका छन्। कृषिमा आश्रित परिवारमध्ये ५७ प्रतिशत परिवारले मात्र आफ्नै उत्पादनबाट वर्षभरिलाई पुग्ने गरी खाद्य आवश्यकता पूरा गर्न सक्छ भने ४३ प्रतिशत परिवारले वर्षभरिको खाद्य आवश्यकता पूरा गर्न सक्दैनन्। कृषिमा आश्रित अधिकांश परिवारमा खाद्य असुरक्षा, आहार विविधताको कमी र कुपोषणको अवस्था छ।

नेपालमा सिँचाइ गरिएका कुल क्षेत्रफलको २८ प्रतिशत क्षेत्रफल मधेश प्रदेशमा छ। मधेश प्रदेशको कुल सिँचाइयोग्य जमिनको लगभग ६५.८ प्रतिशत जमिनमा सिँचाइ सुविधा उपलब्ध छ। मधेश प्रदेश कृषि उत्पादनमा अग्रणी भए पनि सिँचाइ सुविधाको कमीले कृषकलाई विभिन्न समस्याको सामना गर्नु परिरहेको छ। सिँचाइको पहुँच विस्तारमा प्रगति देखिए पनि अझ धेरै सुधार आवश्यक छ।

कृषिक्षेत्रले विश्वको एक तिहाइ जनशक्ति र नेपालमा हरेक पाँच जनामध्ये एक जनालाई रोजगारी प्रदान गर्छ। मुलुकको अर्थतन्त्र गैरकृषिक्षेत्रतर्फ रूपान्तरण हुँदै गएको छ। मधेशको कुल गार्हस्थ उत्पादनमा कृषिक्षेत्रको योगदान ३६ प्रतिशत छ। मधेशको ग्रामीण क्षेत्रमा बसोबास गर्ने व्यक्तिको आयआर्जन, रोजगारी र जीवन निर्वाहको बलियो आधार हो कृषि। मधेशमा कृषिक्षेत्रको विविधीकरण, व्यवसायीकरण र समुचित विकास नहुनुका कारण मधेशमा गरिबी र बेरोजगारीसमेत बढ्दै गएको छ।

परम्परागत कृषि प्रणाली, उन्नत बिउबिजन तथा मलखादको कमी, सिँचाइ सुविधाको पहुँचमा कमी, कृषि पूर्वाधारको कमी, कृषिमा प्रविधिको न्यून प्रयोग र जलवायु परिवर्तन कृषिक्षेत्रका मुख्य समस्या हुन्। युवापुस्तालाई कृषिमा आकर्षित गर्नु, कृषि कामदारको अभावलाई यान्त्रिकीकरणको माध्यमबाट परिपूर्ति गर्नु, कृषि प्राविधिकको उपलब्धता सहज र पहुँचयोग्य बनाउनु, अन्तर सरकार समन्वयलाई प्रभावकारी बनाउनु, कृषि अनुदानलाई व्यवस्थित, पारदर्शी र प्रभावकरी बनाउनु मुख्य चुनौती हो। मधेश प्रदेशका जिल्लाबाट वैदेशिक रोजगारीमा जानेको सङ्ख्या उच्च छ। गाउँघर रितो हुँदै गएको छ। खाद्यान्नको भण्डार क्षेत्रका रूपमा रहेको मधेश प्रदेशका खेतीपाती हुने उर्बर भूमि उजाड बन्दै गएको छ। परिणामस्वरूप कृषिक्षेत्रको उत्पादन र उत्पादकत्वमा ह्रास आएको छ। देशको खाद्यान्नको आवश्यकतालाई मधेशको उर्वर भूमिबाट परिपूर्ति गर्नुपर्ने ठाउँमा मधेशका युवा जनशक्ति आज रोजगारी र जीविकोपार्जनका लागि बाध्यात्मक रूपमा रहेको वैदेशिक रोजगारीमा कष्टकर र जोखिमपूर्ण काम गर्नु परेको छ। युवा जनशक्ति जो अरू देशको विकास र समृद्धिका लागि काम गर्दै छन्, तिनीहरूलाई स्वदेशमै कृषिक्षेत्रमा आकर्षित गरी वैदेशिक रोजगार माथिको निर्भरतामा ब्रेक लगाउन जरुरी छ। त्यसका लागि कृषिक्षेत्रको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरि कृषिमा बढ्दै गएको परनिर्भरता घटाउँदै कृषिक्षेत्रमा रोजगारी वा स्वरोजगारीका अवसर सिर्जना गर्नु पर्छ। कृषिक्षेत्रमा विद्यमान रहेको पारम्परिक तथा निर्वाहमुखी खेती प्रणालीलाई व्यावसायिक र यान्त्रिकीकरणतर्फ रूपान्तरण गरी कृषि उद्यमशीलताको माध्यमबाट कृषिमा थप रोजगारी सिर्जना वा स्वरोजगार प्रवर्धन वा आय आर्जन गर्न प्रविधिमा आधारित कृषि प्रणालीको स्थापना, कृषि बिमामा पहुँच विस्तार, सिँचाइ सुविधाको विस्तार, कृषि बजारको सञ्जाल निर्माण, स्वचालित बजार मूल्य प्रणालीको स्थापना गर्नु पर्छ। यसले कृषिक्षेत्रको कुल गार्हस्थ उत्पादनमा वृद्धि गर्न योगदान गर्ने छ भने बिचौलियातन्त्रको अन्त्य गर्नसमेत मद्दत पुग्ने छ।

मधेशलाई देशको अन्न भण्डार भनेर चिनिन्छ। मधेशको आर्थिक विकासमा कृषिक्षेत्रको अहम् योगदान छ। यस क्षेत्रले भविष्यमा समेत योगदान गर्न सक्ने सम्भावना कायम नै छ। सडक, सिँचाइ, प्रशोधन उद्योग र बजार सञ्जाल सजिलै विकास एवं विस्तार गर्न सकिने भएकाले मधेशमा कृषिक्षेत्रमा अत्यधिक सम्भावना छ। मधेशमा उत्पादित कृषि उपजलाई भारत, बङ्गलादेश जस्ता छिमेकी मुलुकमा निर्यात गरी अधिकतम आर्थिक लाभ लिन सक्ने अवसर मधेशसँग छ।

इजरायल, अमेरिका, जापान, दक्षिण कोरिया र भारतको केरला कृषि विकास मोडेलका प्रभावकारी पक्षलाई समेटी मधेशको जलवायु, भौगोलिक विविधता र बनावटलाई ध्यानमा राखी मधेशका लागि उपयुक्त र प्रभावकारी हुने मिश्रित कृषि विकास मोडेल प्रणाली अवलम्बन गर्न जरुरी छ। जस अन्तर्गत निम्न चरणको माध्यमबाट मधेशको कृषि प्रणालीलाई आधुनिक एवं व्यावसायिक र कृषकलाई आत्मनिर्भर बनाउन बनाउन सकिन्छ। आधुनिक एवं वैज्ञानिक कृषि प्रविधि : कृषिक्षेत्रमा आधुनिक एवं वैज्ञानिक प्रविधिको प्रयोगले उत्पादकत्व बढाउन, लागत तथा श्रम घटाउन र स्रोतको समुचित परिचालन गर्न सघाउँछ। यसले कृषिमा रहेका जोखिम न्यूनीकरण गर्न र युवापुस्तालाई आकर्षित गर्न मद्दत पुऱ्याउँछ। विभिन्न कृषि यन्त्र ट्याक्टर, थ्रेसर र ड्रिप सिँचाइ प्रणाली, ग्रिन हाउस खेती जस्ता आधुनिक कृषि प्रविधिको प्रयोग गरी कृषिक्षेत्रको आधुनिकीकरणमार्फत उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्नु पर्छ। जसले खाद्य तथा पोषण सुरक्षा, जीवनस्तरमा सुधार, आयआर्जनमा वृद्धि, रोजगार वा स्वरोजगार प्रवर्धन र कृषिजन्य वस्तुको निर्यातमा वृद्धि हुने छ।

उन्नत बिउबिजन तथा मलखादको उपलब्धता : परम्परागत खेती प्रणालीलाई निर्यातमुखी कृषि प्रणालीमा रूपान्तरण गर्न विश्व बजारमा उच्च माग भएका र सजिलै खपत हुन सक्ने उच्च मूल्यका नगदे बाली, मसला खेती, फलफूल तथा तरकारी खेती, औषधीजन्य वनस्पति खेतीलाई प्रोत्साहन र प्रवर्धन गर्न आवश्यक छ। अधिकतम उत्पादनका लागि फसल चक्रको प्रयोग एवं प्रसार गर्न जरुरी छ। बाली परिवर्तन गरेर माटोको उर्वराशक्ति जोगाउनु पर्छ। मधेशको जलवायु अनुकूल, सुक्खा सहने, रोग प्रतिरोधी र छिटो फल्ने बिउको विकास र प्रयोगमा जोड दिनु पर्छ। मलखादको वितरण प्रणालीलाई सहज बनाउनु पर्छ।

सिँचाइको पहुँच विस्तार : मधेश भएर बग्ने कमला र बागमती नदीबाट सञ्चालित नहरको कभरेज एरिया विस्तार गर्नु पर्छ। गण्डक नहरको बहाब क्षेत्रलाई सुचारु गर्नु पर्छ। निर्माणाधीन सुनकोशी मरिण डाइभर्सन आयोजनाबाट मधेशमा बर्सैभरि सिँचाइ गर्न सकिने सम्भावना र अवसर रहेकाले सिँचाइ पूर्वाधारको विस्तारमा अहिलेदेखि नै काम सुरु गर्नु पर्छ। सिँचाइ सुविधाको पर्याप्ताले मधेशमा बर्सैभरि तरकारी, मसला र फलफूल खेतीलगायत अन्य नगदे बालीको उत्पादनमा वृद्धि भई कृषिक्षेत्रको विविधीकरण र व्यवसायीकरणमा सहयोग पुग्ने छ। कृषि उद्योगको स्थापना तथा प्रवर्धन : कृषिक्षेत्रको दिगो विकासका लागि एग्रो इन्डस्ट्रिजको स्थापना र प्रवर्धन आवश्यक छ। एग्रो विजनेसलाई विस्तार गरी कृषि उत्पादनलाई औद्योगीकरणसँग जोडनु पर्छ। निर्वाहमुखी कृषिलाई व्यावसायीकरण र मूल्य शृङ्खलामा आधारित उद्योगसँग जोड्दा ग्रामीण क्षेत्रमा रोजगारीका प्रशस्त अवसर सिर्जना हुनुका साथै मधेश प्रदेशमा कृषिक्षेत्रको उत्पादनमा वृद्धि हुने छ। यसले कृषकको उत्पादकत्व र आय दुवैमा बढोत्तरी भई जनजीविकामा उल्लेख्य सुधार ल्याउँछ। कृषिको आधुनिकीकरण र व्यवसायीकरणमा समेत सहयोग गर्ने छ।

बजारको पहुँच विस्तार : सरकारले प्रमुख उपजहरूको न्यूनतम मूल्य तोकी खरिदको सुनिश्चितता गर्नु पर्छ। ठाउँ ठाउँमा हाट बजार, सङ्कलन केन्द्र, शीत भण्डारको स्थापना गर्नु पर्छ। सङ्कलन केन्द्रलाई मुख्य राजमार्गसँग कनेक्ट गर्नु पर्छ। उपभोक्ता र विक्रेतासँग सिधै कनेक्ट गर्न अनलाइन बजार सूचना प्रणालीको विकास गर्न ढिला गर्नु हुँदैन। कृषि उत्पादनलाई विश्व बजारमा पहुँच विस्तार गर्न बजार सञ्जाल वा प्रणालीको विकास गर्न आवश्यक छ। मधेशमा उत्पादित मसला, तरकारी, फलफूललगायत अन्य औषधीय वनस्पतिलाई विश्व बजारमा निर्यात गरि वैदेशिक मुद्रा आर्जन गर्ने एउटा प्रमुख स्रोतका रूपमा विकास गर्नु पर्छ। अनुसन्धान र विकास : कृषिक्षेत्रको दिगो विकासका लागि आवश्यक नयाँ नयाँ ज्ञान, विधि, प्रविधि र अभ्यासको खोज, परीक्षण र प्रयोग गरी उत्पादन, उत्पादकत्व र गुणस्तर अभिवृद्धिमा अनुसन्धान र विकास केन्द्रित हुनु पर्छ। जसको परिणामस्वरूप उन्नत तथा रोगप्रतिरोधी जातका बिउ, माटो परीक्षण, रोग तथा किरा नियन्त्रण, जलवायु प्रभाव अध्ययन, जलवायु अनुकूल बाली प्रणाली, आधुनिक सिँचाइ प्रविधि र प्रणाली, कृषि यान्त्रिकीकरण, कृषि व्यवसायको मोडेल्स आदिको अनुसन्धानमार्फत कृषिसँग सम्बन्धित समस्या, सम्भावना र सुधारका वैज्ञानिक उपाय अवलम्बन गर्न सघाउँछ।

मधेशलाई आर्थिक रूपमा सक्षम, आत्मनिर्भर र विकसित बनाउने प्रमुख माध्यम कृषि नै हो। मधेशमा उर्वर जमिन, अनुकूल जलवायु र जनसङ्ख्याको ठुलो हिस्सा कृषिमा आश्रित भएकाले कृषिक्षेत्रको विकासले नै आर्थिक वृद्धि, रोजगारी सिर्जना, खाद्य सुरक्षा र जीवनस्तर सुधारमा महषवपूर्ण भूमिका खेल्ने छ। आधुनिक कृषि प्रविधि, कृषिको विविधीकरण र व्यवसायीकरण, उन्नत बिउबिजन र मलखादको उपलब्धता, सिँचाइ पूर्वाधारको विस्तार, कृषिमा उद्यमशीलता प्रवर्धन, कृषिमा आधारित उद्योगको विस्तार एवं प्रवर्धन, मूल्य शृङ्खलाको विकास एवं विस्तार, बजारको पहुँच विस्तार एवं व्यवस्थापनमार्फत कृषिक्षेत्रलाई सुदृढ बनाई मधेशको आर्थिक समृद्धि हासिल गर्न सकिन्छ

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## युक्रेनको तेल प्रशोधन केन्द्रमा हमलापछि रुसमा विषाक्त वायु वर्षा

**मस्को, वैशाख १० गते ।**

किएभले सोमबार दक्षिणी सहर तुआप्सेको तेल प्रशोधन केन्द्रमा आक्रमण गरेपछि भएको ठुलो आगलागीका कारण रूसको तटीय सहरको आकाशमा कालो धुवाँको बाक्लो मुस्लो जम्मा भएको रूसी अधिकारीले बताएका छन् ।



रुसले यसै हप्ताको सुरुमा युक्रेनले 'ब्ल्याक सी' क्षेत्रको पेट्रोलियम पदार्थ प्रशोधन केन्द्रमा गरेको आक्रमणपछि दन्किएको आगो निभाउन सङ्घर्ष गरिरहेको स्थानीय अधिकारीले बिहीबार एएफपीलाई बताएका छन् । "तुआप्से तेल प्रशोधन केन्द्रमा चार वटा भण्डारण ट्याङ्कीमा आगलागी भएको छ र आगलागी अझै जारी छ," क्षेत्रीय आपतकालिन मुख्यालयले बिहीबार एएफपीलाई जानकारी गराएको छ ।

आगोले बुधबार विषाक्त वर्षा निम्त्याएको थियो । "हावामा विषाक्त कणको एकाग्रताका कारण वायु प्रदुषणको मात्रा 'दुईदेखि तीन गुणा' वृद्धि भएको थियो," अधिकारीहरूले बताए अनुसार विषाक्त ध्वाँसोको वर्षाले तटीय क्षेत्रका बस्तीमा सतहमा कालोपन देखिएको छ । स्थानीयले सामाजिक सञ्जालमा सार्वजनिक गरेका अपुष्ट तस्बिरमा सहरमा ठुलो कालो बादल, समुद्र र समुद्री तटमा तेल पोखिएको र किनारमा मरेका माछा र चराचुरुङ्गीहरू रहेका देख्न सकिन्छ । छाडा कुकुर र बिरालाको शरिरको रौं कालो अवशेषले ढाकिएको चित्रित गरिएको थियो, र साना कालो दागले भरिएका कार पार्क गरिएका थिए । सहरका अधिकारीले बुधबार बासिन्दालाई झ्याल बन्द गर्न, बाहिरी गतिविधि सीमित गर्न र बाहिर जान आवश्यक छ भने अनुहार मास्क लगाउन चेतावनी दिएका छन् ।

छुट्टी मनाउनेको बिचमा लोकप्रिय दक्षिणी रूसी सहर तुप्से युक्रेनको निशानामा धेरै पटक परेको छ । किएभले हालैका हप्तामा सी ऊर्जा निर्यातबाट रूसको राजस्वलाई प्रभावित पार्न खोज्दै सेनाको लागि कोषको एक प्रमुख स्रोत मानिने रूसी तेल भर्ने बन्दरगाहमा आक्रमण बढाएको छ।

## अफगानीस्तानमा बाढीका कारण छ जनाको मृत्यु

**काबुल, वैशाख १० गते ।**

अफगानिस्तानका विभिन्न भागमा भएको भारी वर्षाका कारण आएको आकस्मिक बाढीमा परी कम्तीमा छ जनाको मृत्यु भएको स्थानीय अधिकारीले बिहीबार पुष्टि गरेका छन् । पश्चिमी बदघिस प्रान्तको प्राकृतिक विपद व्यवस्थापन समितिका प्रमुख मावलावी बारिदाद साबेरले भारी वर्षा पछि बुधबार राति बाला मुर्घाब जिल्लाका विभिन्न क्षेत्रमा बाढी आएको बताउनु भएको छ। बडघिस प्रान्तमा बाढीका कारण तीन बालबालिका र दुई महिलासहित पाँच जनाको मृत्यु भएको अधिकारीले बताएका छन् भने बाढीले प्रभावित क्षेत्रका आवासीय घर र कृषि जग्गामा क्षति पुर्याएको छ । अफगानिस्तानको उत्तरमा रहेको समङ्गान प्रान्तमा दारा-इ-सुफ पायिन जिल्लामा भारी वर्षापछि बिहीबार आएको बाढीमा एक जनाको मृत्यु भएको प्रान्तीय प्रहरीले जनाएको छ ।



उत्तरी फरयाब प्रान्तको विभिन्न भाग बाढीले बगाएको भएता पनि कुनै हताहत नभएको जनाइएको छ । अफगानिस्तानको मौसम विभागले बिहीबार देशका केही भागमा थप वर्षा र बाढीको पूर्वानुमान गरेको छ ।

## आवास...

नाममा निकालिएको र त्यसको ठुलो हिस्सा कामै नभएको वा अधुरो संरचनामा खर्च भएको देखिएको बताइएको छ।

महागढीमाई नगरपालिका-९ पिप्राबिर्ता र देवताल फुलवरिया क्षेत्रमा निर्माण गरिएका घरहरू अधिकांश अधुरो अवस्थामा छन्। कतिपय घरमा कमसल सामग्री प्रयोग गरिएको, झ्याल-ढोका नलगाइएको र संरचना जोखिमपूर्ण रहेको स्थानीयले बताएका छन्। स्थानीयका अनुसार नक्कली उपभोक्ता समिति बनाएर विपन्न परिवारलाई दबाबमा राखी रकम झिकिएको र वास्तविक लाभग्राहीलाई अधुरो घर मात्र हस्तान्तरण गरिएको छ।

देवताल क्षेत्रमा करिब २१ वटा घर अधुरो अवस्थामा रहेको बताइएको छ। ठेकेदारले रकम अभाव देखाउँदै काम छाडेपछि योजना अलपत्र परेको स्थानीयको भनाइ छ।

लाभग्राहीहरू अझै अधुरो घरमा बस्न बाध्य छन् भने चिसो, गर्मी र वर्षाको प्रत्यक्ष असर भोग्नुपरेको उनीहरूको गुनासो छ।

अख्तियारले सम्पूर्ण योजना, बजेट खर्च, बैंक कारोबार, निर्माण गुणस्तर र वितरण प्रक्रियाबारे विस्तृत अनुसन्धान अघि बढाइरहेको जनाएको छ। अधुरो काम छिट्टै सम्पन्न गर्न प्राविधिक खटिसेको बताउँदै रक अनियमितता गोलमटोल रुपमा अस्विकार गरेको साहले प्रतिक्रिया जनाए।

## रौतहट सीमामा...

कारोबारले राज्यको राजस्वमा ठूलो नोक्सानी पुऱ्याउने गरेको छ। स्थानीय स्रोतका अनुसार सीमावर्ती नाकाबाट रातको समयमा मोटरसाइकल, टेम्पो र पिकअप प्रयोग गरी नियमित रूपमा सामान ओसारपसार हुने गरेको छ। केही चालक र बिचौलियाको मिलेमतोमा यो धन्दा सञ्चालन भइरहेको आशंका पनि गरिएको छ।बरामद गरिएको सामान र सवारीसाधनलाई आवश्यक कारबाहीका लागि गौर भन्सार कार्यालयमा बुझाउने तयारी भइरहेको प्रहरीले जनाएको छ। पक्राउ परेका चालकसँगै यसमा संलग्न अन्य व्यक्तिहरूको पहिचानका लागि अनुसन्धान जारी छ।

सीमामा बढ्दो कडाइपछि तस्करी सञ्जालको गतिविधि सतहमा आउन थालेको र आगामी दिनमा थप कारबाही हुने प्रहरीको भनाइ छ।

## सरकारी...

सञ्चारमाध्यमहरू आर्थिक रूपमा कमजोर हुने, पत्रकारहरूको रोजगारी प्रभावित हुने तथा सूचना प्रवाहमा असन्तुलन आउने जोखिम रहेको उल्लेख गरिएको छ।

ज्ञापनपत्रमा सरकारी विज्ञापन सबै प्रकारका सञ्चारमाध्यममा समान रूपमा वितरण गर्नुपर्ने र निष्पक्ष, पारदर्शी तथा समावेशी नीति अवलम्बन गर्नुपर्ने माग गरिएको छ। सञ्चार क्षेत्रको विविधता र बहुलवाद कायम राख्न यस्तो नीति आवश्यक रहेको महासंघको भनाइ छ।

सरकारी मिडियालाई मात्रै पक्षपोषण हुनेगरि सरकारले लयएको विज्ञापन वितरण नीति त्रुटिपुर्ण भन्दै सच्याउन आग्रह गरेको हो। विभिन्न सञ्चार माध्यमका संलग्न प्रतिनिधिको सहित सञ्चालकहरु सहभागि थिए।

सञ्चार क्षेत्रमाथि असर पार्ने कुनै पनि नीतिको समुचित संशोधन आवश्यक रहेको बताएका छन्। ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्राले पत्रकार महासंघका माग र सरोकारलाई सम्बन्धित निकायसम्म पुऱ्याइने प्रतिबद्धता जनाएका छन्। महासंघले माग सम्बोधन नभए आगामी दिनमा थप कार्यक्रम घोषणा गर्न सक्ने संकेत दिएको छ। यसैगरि नेपाल पत्रकार महासंघ पर्सा शाखाका अध्यक्ष ओमप्रकाश खनालको नेतृत्वमा प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र बुझाइएको छ।। टोलीमा महासंघका केन्द्रीय लेखा समिति संयोजक केसी लामिछाने,नेपाल पत्रकारहासंघ मधेश प्रदेशका अध्यक्ष श्याम बञ्जारा लगायत सहभागी थिए।त्यस्तै महासंघ रौतहट शाखाका जिल्ला अध्यक्ष संजय कार्कीको नेतृत्वमा उपाध्यक्ष विना श्रीवास्तव लगायत सहभागी टोलीले प्नुखाजिल्लाबअधिकारीलाई ज्ञापनपत्र बझाएका हुन्।

## इज्तिमा ...

कार्यालय अगाडि नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र अध्यागमन कार्यालयका प्रतिनिधि सम्मिलित संयुक्त चेक पोस्ट स्थापना गरिएको छ। नेपाल-भारत नाका हुँदै हुने सम्भावित अवैध आवागमन रोक्न यस्तो व्यवस्था गरिएको हो।

साथै, धार्मिक गतिविधि र सुरक्षा संवेदनशीलताका कारण जिल्लाका केही स्थानमा अनुगमनसमेत तीव्र पारिएको प्रशासनले जनाएको छ। विभिन्न मदरसाहरूको निरीक्षणका क्रममा एउटा मदरसा दर्ताबिनै सञ्चालन भइरहेको पाइएपछि आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको बताइएको छ।

दुवै जिल्लाका प्रशासनले इज्तिमा भेलालाई शान्तिपूर्ण रूपमा सम्पन्न गराउन तथा कुनै पनि शंकास्पद गतिविधि नियन्त्रण गर्न संयुक्त सुरक्षा रणनीति लागु गरिएको स्पष्ट पारेका छन्।

## मेन रोड...

भए पनि त्यसको फाइदा उठाएर भाडा अस्वाभाविक रूपमा बढाउनु स्वीकार्य नहुने बताएका छन्। उनका अनुसार महानगरले बजार अनुगमनलाई कडाइका साथ अघि बढाउने र आवश्यक परे कानुनी कारबाहीसमेत गर्ने तयारी गरेको छ। स्थानीय व्यवसायीहरूका अनुसार सटर मात्र होइन, घर भाडासमेत दोब्बर-तेब्बरले बढेको छ। पहिले ८-१० हजार रुपैयाँमा पाइने कोठा अहिले १५-२० हजार रुपैयाँसम्म पुगेको छ। स्पष्ट भाडा मापदण्ड नहुँदा घरधनीहरूले मनपरी दर लिइरहेको उनीहरूको आरोप छ। वीरगञ्ज-९ घण्टाघर चोक नजिकै १२ वर्षदेखि व्यवसाय गर्दै आएका एक व्यापारीका अनुसार अहिले सटर भाडा १० हजारबाट बढेर ३० हजार रुपैयाँभन्दा माथि पुगेको छ। बिजुली, इन्टरनेट र अन्य खर्च जोड्दा महिनामा झन्डै ३५ हजार रुपैयाँसम्म खर्च हुने भएकाले साना व्यवसाय धान्न कठिन भएको उनले बताए। सडक विस्तारले विकासको गति बढाए पनि सटर अभाव र चर्को भाडाले वीरगञ्जको व्यापारिक वातावरण थप चुनौतीपूर्ण बन्दै गएको व्यवसायीहरूको भनाइ छ।

## वीरगञ्ज...

साधन नियन्त्रणमा पर्ने क्रम जारी रहेको बताइएको छ।


पछिल्लो समय सस्तो र सजिलै उपलब्ध हुने भएकाले केही व्यक्तिहरूले भन्सार प्रक्रिया पूरा नगरी इभी मोटरसाइकल नेपाल भित्र्याएर प्रयोग गर्ने प्रवृत्ति बढेको अनुमान गरिएको छ।

भन्सार तथा सुरक्षा निकायले आवश्यक कागजात बिना सञ्चालन गरिएका सवारी साधनमाथि निरन्तर कारबाही गरिने स्पष्ट पारेका छन्। यससँगै वीरगञ्ज क्षेत्रमा यस्ता सवारी प्रयोगकर्ताबीच सतर्कता बढेको छ भने अवैध गतिविधि नियन्त्रणका लागि थप अभियान सञ्चालन गर्ने तयारी भइरहेको जनाइएको छ

## सशस्त्र...

सशस्त्र प्रहरी नायब महानिरीक्षक कृष्णभक्त ब्रह्मचार्य, राष्ट्रिय अनुसन्धानका उपनिर्देशक सरोज निरौला, रिपुमर्दन गणका प्रमुख सेनानी गिरिराज गौतम, जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी नायब उपरीक्षक विजयराज पण्डित तथा सशस्त्र प्रहरी बल नेपाल नं. ११, १३ र ४० गणका गणपतिहरूको उपस्थिति रहेको थियो।

त्यसैगरी विभिन्न संघ-संस्था, उद्योग-कलकारखानाका प्रतिनिधि, सञ्चारकर्मी, अवकाश प्राप्त सुरक्षाकर्मी तथा अमर सशस्त्र प्रहरीका परिवारजनहरूको समेत सहभागिता रहेको थियो। कार्यक्रम सञ्चालन सशस्त्र प्रहरी सहायक निरीक्षक गोविन्द चौधरीले गरेका थिए। ढकालले हाले सम्पन्न प्रतिनिधि सभा निर्वाचन शान्तिपूर्ण र भयरहित रूपमा सम्पन्न गराउन योगदान दिने सम्पूर्ण सुरक्षा निकायप्रति आभार व्यक्त गर्दै सशस्त्र प्रहरी बलले समुदायसँग सहकार्य गर्दै शान्ति-सुरक्षा कायम गर्न उल्लेखनीय भूमिका खेलेको बताए। कार्यक्रममा उत्कृष्ट कार्य गर्ने प्रहरी कर्मचारीलाई सम्मान तथा विभिन्न सांस्कृतिक प्रस्तुति समेत गरिएको थियो।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

जीतपुरसिमरा उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

संवाहक राष्ट्रिय दैनिक


# प्रहरी प्रशिक्षण प्रतिष्ठानको ११४ रोपनी जग्गा राष्ट्रपति कार्यालयलाई दिने निर्णय खारेज

*काठमाडौं, वैशाख १० –*
सरकारले राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महाराजगञ्जको ११४ रोपनी ३ आना जग्गा राष्ट्रपति कार्यालयलाई दिने निर्णय खारेज गरेको छ।

आज बसेको मन्त्रिपरिषद् बैठकले पूर्ववर्ती सरकारको निर्णय उल्टाउँदै उक्त जग्गा अन्य प्रयोजनका लागि दिने निर्णय स्थगित गरेको हो।

सरकारका प्रवक्ता तथा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलका अनुसार सो निर्णय २०७५ भदौ १ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको मन्त्रिपरिषद्बाट गरिएको थियो।

त्यसबेला प्रतिष्ठानको जग्गा राष्ट्रपति कार्यालयलाई दिने र प्रहरी प्रशिक्षण प्रतिष्ठान अन्यत्र सार्ने निर्णय भएको थियो। तर पछिल्लो मन्त्रिपरिषद् बैठकले सो निर्णय



खारेज गर्दै प्रतिष्ठानको जग्गा यथास्थितिमै रहने निर्णय गरेको छ। बैठकले एकीकृत खानेपानी आपूर्ति तथा ढल व्यवस्थापन परियोजनाका लागि एसियाली विकास बैंकबाट प्राप्त हुने करिब १७ अर्ब ३० करोड रुपैयाँ बराबरको सहुलियतपूर्ण ऋणसम्बन्धी वार्ता गर्न अर्थ मन्त्रालयका सहसचिवको नेतृत्वमा टोली गठन गर्ने निर्णय पनि गरेको छ। त्यसैगरी सरकारी निकायका सफ्टवेयर तथा सूचना प्रविधि प्रणालीबारे अध्ययन गर्न सूचना तथा सञ्चार प्रविधि सल्लाहकारको संयोजकत्वमा कार्यदल गठन गर्ने निर्णय समेत भएको छ।

सरकारका प्रवक्ता पोखरेलका अनुसार सुकुम्बासी बस्ती हटाउने विषयमा भने बैठकमा कुनै छलफल नभएको स्पष्ट पारिएको छ।

# खानेपानी कलैयाका इन्जिनियर यादवविरुद्ध डेढ करोड अवैध सम्पत्तिको मुद्दा दायर

*काठमाडौं, वैशाख १० –*
खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय कलैया, बाराका तत्कालीन निमित्त प्रमुख (आठौं तह इन्जिनियर) किशोरप्रसाद यादवविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ। उनीमाथि करिब डेढ करोड रुपैयाँ बराबरको अवैध सम्पत्ति आर्जन गरेको आरोप लगाइएको छ।




अभियोगपत्रअनुसार यादवले सार्वजनिक सेवामा प्रवेश गरेदेखि जाँच अवधिसम्म वैध आयको तुलनामा १ करोड ४६ लाख ८१ हजार २२५ रुपैयाँ बराबरको सम्पत्तिको स्रोत स्पष्ट गर्न नसकेको देखिएको छ। जाँच अवधि २०४७/०३/३१ देखि २०८०/०९/२९ सम्मको रहेको जनाइएको छ। यस अवधिमा उनको परिवारको कुल वैध आय ३ करोड ४६ लाख २१ हजार ४०१ रुपैयाँ रहेको देखिए पनि सोही अवधिमा जग्गा खरिद, घर निर्माण, सेयर, सवारी साधन तथा अध्ययन खर्चसमेत गरी ४ करोड ९३ लाख २ हजार ६२६ रुपैयाँ खर्च भएको अनुसन्धानमा उल्लेख छ।

अख्तियारका अनुसार यादवले अवैध रूपमा आर्जन गरेको सम्पत्ति आफ्नी श्रीमती निर्मला कुमारी यादवको नाममा समेत राखेको देखिएपछि उनलाई पनि प्रतिवादी बनाइएको छ। उक्त सम्पत्ति जफत गर्ने प्रयोजनका लागि श्रीमतीलाई समेत मुद्दामा समावेश गरिएको हो।

अख्तियारले सम्पत्तिको स्रोत पुष्टि गर्न नसकिएको भन्दै भ्रष्टाचार निवारण ऐनअन्तर्गत कारबाही अघि बढाएको जनाएको छ। अब मुद्दा विशेष अदालतमा सुनवाइ प्रक्रियामा जानेछ।

# सशस्त्र प्रहरी बलको स्थापना दिवस : डिआईजी ढकालले देखाए जिम्मेवारी र अनुशासनको बाटो

*संवाहक सम्वादाता-१० वैशाख, कलैया*
सशस्त्र प्रहरी बल नेपालका बाहिनीपति डिआईजी कृष्ण ढकालले राष्ट्रको हितभन्दा माथि कुनै पनि व्यक्तिगत स्वार्थ हुन नसक्ने स्पष्ट पारेका छन्। उनले संगठनलाई अनुशासित, इमानदार र पेशागत रूपमा सुदृढ बनाउन सबैले जिम्मेवारीपूर्वक भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए।

बाराको कलैया उपमहानगरपालिका-१६ उत्तर झिटकैयास्थित सशस्त्र प्रहरी बल नम्बर १२ गण मुख्यालयमा आयोजित १९ औं स्थापना दिवस तथा विशेष समारोहलाई सम्बोधन गर्दै उनले सशस्त्र प्रहरी बल नेपालले छोटो समयमा नै राज्यको महत्वपूर्ण सुरक्षा निकायका रूपमा आफूलाई स्थापित गर्न सफल भएको बताए। सीमा सुरक्षा, आन्तरिक शान्ति-सुरक्षा, विपद् व्यवस्थापन र राजस्व सुरक्षामा



संगठनले निरन्तर योगदान दिँदै आएको उनको भनाइ थियो।

कार्यक्रममा गणपति सशस्त्र प्रहरी उपरीक्षक विशाल सिलवालले अध्यक्षता गरेका थिए। समारोहमा जिल्ला समन्वय समिति बाराका सभापति नरेन्द्र कुमार साह, कलैया उपमहानगरपालिकाका प्रमुख बिनोद साह, जिल्ला प्रशासन कार्यालय बाराका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्र, सहायक प्रमुख जिल्ला अधिकारी छविरमण भट्टराई, अवकाश प्राप्त

बाँकी तेस्रो पृष्ठमा

# सम्पत्ति शुद्धीकरण मुद्दामा सुलभ अग्रवाललाई थप ७ दिन म्याद

*काठमाडौं, १० वैशाख –*
सम्पत्ति शुद्धीकरण कसुरमा पक्राउ परेका व्यवसायी सुलभ अग्रवालविरुद्ध काठमाडौं जिल्ला अदालतले थप सात दिनको म्याद अनुमति दिएको छ।



बुधबार न्यायाधीश तिलकबहादुर कार्कीको इजलासले अग्रवालविरुद्ध अनुसन्धानका लागि म्याद थप गर्ने आदेश दिएको हो। सोही मुद्दामा संलग्न व्यवसायी दीपक भट्टमाथि पनि अनुसन्धान गर्न थप सात दिन समय प्रदान गरिएको छ।

यसअघि पनि अनुसन्धान प्रक्रियामा रहेका भट्टलाई २०८२ चैत १९ गते पक्राउ गरिएको थियो भने अग्रवाललाई सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले चैत २२ गते नियन्त्रणमा लिएको थियो।

जगदम्बा होल्डिङ्सका अध्यक्षसमेत रहेका अग्रवाल शंकर ग्रुपअन्तर्गतका गतिविधिसँग सम्बन्धित शंकास्पद आर्थिक कारोबारको अनुसन्धानका क्रममा पक्राउ परेका हुन्। उनका बाबु शंकरलाल अग्रवाललाई पनि अनुसन्धानको क्रममा नियन्त्रणमा लिइए पनि पछि हाजिरी जमानीमा रिहा गरिएको थियो।

अनुसन्धानका क्रममा इन्फिनिटी होल्डिङ्स र शंकर ग्रुपबीच भएको शंकास्पद वित्तीय कारोबारको विषय बाहिर आएको हो। यससम्बन्धी अनुसन्धानमा नेपाल राष्ट्र बैंकले करिब साढे दुई वर्षअघि नै प्रारम्भिक पत्राचार गरेको थियो।

त्यसपछि सम्पत्ति शुद्धीकरण विभागले २०७९ साल पुसमा प्रारम्भिक बयान लिएको भए पनि पछि मुद्दा नचलाइ फाइल राष्ट्र बैंकमा फिर्ता पठाइएको थियो। हाल भने पुराना फाइलहरू पुनः खोलेर विस्तृत अनुसन्धान अघि बढाइएको बताइएको छ।

अनुसन्धान निकायले करोडौं रुपैयाँ बराबरको शंकास्पद वित्तीय कारोबार भएको आशंका गर्दै विस्तृत छानबिन गरिरहेको जनाएको छ।

# मिटर ब्याजविरुद्ध धनुषामा प्रदर्शन, न्यायालयअगाडि किसान–मजदुरको आक्रोश

*धनुषा, वैशाख १०–*
मिटर ब्याजको समस्याविरुद्ध किसान-मजदुर आन्दोलन नेपाल, धनुषाको आयोजनामा जिल्ला अदालत अगाडि शान्तिपूर्ण प्रदर्शन गरिएको छ। प्रदर्शनमा सहभागीहरूले न्यायिक क्षेत्रमा देखिएको भनिएको बिचौलियाको प्रभाव र भ्रष्टाचारप्रति तीव्र असन्तुष्टि जनाएका छन्।

आन्दोलनमा सहभागी किसान र मजदुरहरूले न्यायालयभित्र हुने कथित अनियमितता र बिचौलियाको हस्तक्षेप अन्त्य गर्न माग गर्दै विभिन्न नाराबाजी गरेका थिए। "न्यायालयभित्र बिचौलियालाई निषेध गर", "सुदखोरहरूको वारिस खारेज गर", "स्वच्छ न्यायाधीश जिन्दाबाद", "भ्रष्ट न्यायाधीश मुर्दाबाद" र "एकलौटी फैसला मान्दैनौं" जस्ता नाराहरू लगाइएको थियो।

प्रदर्शनकारीहरूले मिटर ब्याजका कारण धेरै सर्वसाधारण आर्थिक रूपमा पीडित भएको उल्लेख गर्दै



न्यायिक निकायबाट निष्पक्ष र पारदर्शी फैसला हुनुपर्ने माग गरेका छन्। उनीहरूले बिचौलियाको प्रभावमा हुने निर्णयले पीडितलाई न्यायबाट वञ्चित गरिरहेको आरोपसमेत लगाए।

आयोजक पक्षले यस्तो प्रदर्शनलाई दबाबमूलक शान्तिपूर्ण आन्दोलनका रूपमा लिँदै सम्बन्धित निकायले समस्या समाधानतर्फ गम्भीर ध्यान दिनुपर्ने बताए। साथै, मिटर ब्याजपीडितहरूको समस्या दीर्घकालीन रूपमा समाधान गर्न कडा कानुनी व्यवस्था र प्रभावकारी कार्यान्वयन आवश्यक रहेको उनीहरूको भनाइ छ। प्रदर्शन शान्तिपूर्ण रूपमा सम्पन्न भएको जनाइएको छ भने यस विषयमा सम्बन्धित निकायको औपचारिक प्रतिक्रिया आउन बाँकी रहेको छ।











